कोशी प्रदेश सरकार

# प्रदेश लगानी प्राधिकरणको कार्यालय

विराटनगर, नेपाल

परियोजना विकासकर्तालाई प्रस्तावसहित सम्पर्कमा आउन गरिएको सार्वजनिक सूचना।

**(प्रथम पटक प्रकाशित मिति २०८३/०५/०८)**

कोशी प्रदेश लगानी सम्मेलन २०२५ र थप गरिएको अवधिमा सार्वजनिक निजी साझेदारी अवधारणाबाट परियोजना विकास गर्न इच्छुक भइ कुल ५१ वटा परियोजनाहरुका विकासकर्ता र लगानी प्राधिकरण बीच समझदारीपत्र(MoU) भएको व्यहोरा सर्वविदित नै छ। उक्त केहि परियोजनाहरुको विकास, निर्माण तथा सञ्चालनका लागि प्रक्रिया भइरहेको सन्दर्भमा समझदारीपत्रमा हस्ताक्षर गरी सम्पर्कमा नआएका विकासकर्ताका कारण समान किसिमका परियोजना विकास गर्न इच्छुक हुनसक्ने अन्य प्रस्तावकको प्रस्तावलाई लगानी प्राधिकरणले हालसम्म स्वीकृत गर्न नसकिरहेको अवस्थालाई मध्यनजर गर्दै लगानी प्राधिकरणको ३३औं बैठकबाट लगानी सम्मेलन अवधिमा समझदारीपत्र (MoU) गरेर हालसम्म सम्पर्कमा नआएका विकासकर्तालाई परियोजनाको सम्भाव्यता अध्ययन अनुमति पत्र दिने अवधि सम्वत् २०८३ साल मंसिर मसान्तसम्मका लागि मात्र कायम गर्ने भनि भएको निर्णयबमोजिम प्रस्ताव सहित उल्लिखित अवधि अगावै यथाशिघ्र यस कार्यालयमा सम्पर्क गर्नुहुन सम्बन्धित विकासकर्ता सबैलाई सादर अनुरोध गरिन्छ।

साथै उक्त निर्णयबमोजिम तोकिएको समय भुक्तान भएपश्चात प्राधिकरण कार्यालयमा अनुपस्थित हुने लगानीकर्ताको समझदारीपत्र(MoU) रद्द हुने र उल्लिखित समझदारी भएका समान प्रकृति परियोजना कार्यान्वयनका लागि कार्यालयमा पेश हुन आउने नयाँ प्रस्तावकको प्रस्तावलाई सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६ एवं नियमावली, २०७७ बमोजिम कार्यान्वयनका लागि प्रक्रिया अगाडि बढाउन स्वीकृति समेत प्रदान गरिने जानकारी गराइन्छ।

**नोट:** उल्लिखित विषयमा थप जानकारीका लागि विराटनगर म.न.पा.-४, बरगाछी स्थित कार्यालयको ठेगाना वा कार्यालयको फोन नं. ०२१-४७५१०० वा मो.नं.९८५२०३४१०३ मा सम्पर्क गर्नुहुन समेत अनुरोध गरिन्छ।

---



फोन नं. ०२१-४७५३५५, ४७५१००, ईमेल ठेगाना: info.invest@koshi.gov.np